# मालारानी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## खनदह, अर्घाखाँची

# वार्षिक क्षमता विकास योजना

## (२०८१/०८२)

कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०४/०४

# परिच्छेदः १- परिचय

## १. १ पृष्ठभुमी

नेपालको संविधान २०७२ ले संघीय, प्रदेश र स्थानीय गरी तीन तहको सरकारको व्यवस्था गरेको छ । स्थानीय सरकार नागरिकको सन्निकट रहेर संविधान र स्थानीय सरकार सञ्चालन ऐनले तोकेका अधिकारहरुको प्रयोग गर्दै स्थानीय जनतालाई छिटो, सरल, पारदर्शी र गुणस्तरीय सेवा प्रवाह गरी लोकतन्त्रका लाभहरुलाई नागरिकहरुबीच प्रत्याभूत गराउने गहन जिम्मेवारीका रुपमा स्थापित सरकार हो । यसका साथै राष्ट्रिय योजनाले लिएको लक्ष्य तथा अन्तराष्ट्रिय प्रतिवद्धताहरुको कार्यान्वयन गर्दै सुखी र सम्बृद्ध नेपाल निर्माण गर्न र सामाजिक न्याय स्थापित गरी समतामूलक समाज निर्माण गर्ने अभिभारा भएको स्थानीय सरकारले आफ्नो कार्य सम्पादनस्तरमा सुधार गर्दै सेवा प्रवाहलाई अझ प्रभावकारी रुपमा संचालन गर्नु पर्ने हुन्छ । यसकारण मालारानी गाउँपालिकाले आफ्नो कार्य क्षमतामा अभिबृद्धि गर्दै नतिजामा आधारित क्षमता विकास योजना तर्जुमा र कार्यान्वयन मार्फत आम नागरिकले गुणात्मक र पारदर्शी सेवा प्राप्त गरुन् भन्ने अभिप्रायले यो क्षमता विकास योजना तर्जुमा गर्न लागिएको हो ।

स्थानीय सरकारले सम्पादन गर्नु पर्ने अधिकतम कार्यक्रमहरु सम्पादन गर्न विद्यमान जनशक्तिलाई कस्तो प्रकारको क्षमता विकासको आवश्यकता छ, त्यसको लेखाजोखा गरी कर्मचारी र जनप्रतिनिधिहरुको व्यक्तिगत क्षमता, स्थानीय तहको संस्थागत क्षमता र थप सुधार गर्नु पर्ने आवश्यकता रहेको छ । त्यसैगरी स्थानीय सरकारले आफ्ना अधिकारभित्र रहेर आवश्यकता अनुसार नीति, योजना तथा कार्यक्रम र बजेट तर्जुमा लगायत विभिन्न विषयगत क्षेत्रको विकासका लागि आवश्यक क्षमता विकासका क्षेत्रहरुको पहिचान सहित वार्षिक क्षमता विकास योजना तर्जुमा गर्नु पर्ने र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याँकनमा कमजोर देखिएका सूचकहरुको कार्य क्षेत्रमा सुधार गर्दै लैजान स्थानीय तहलाई सहयोग पुग्ने भएकाले मालारानी गाउँपालिकाको वार्षिक क्षमता विकास योजना तर्जुमा गरिएको हो।

## १. २ मालारानी गाउँपालिकाको परिचय

मालारानी गाउँपालिका नेपालको संविधानको धारा २९५ उपधारा ३ बमोजिम कायम भएका गाउँपालिका, नगरपालिकाहरु मध्ये एक स्थानीय तह हो । लुम्बिनी प्रदेश अन्तर्गत अर्घाखाँची जिल्लाका ६ वटा स्थानीय तहहरुमध्ये उत्तरपश्चिमपट्टी अवस्थित मालारानी गाउँपालिका पहाडी क्षेत्रमा अवस्थित गाउँपालिका हो । नेपालमा ७५३ स्थानीय तह लागु हुदाँ अर्घाखाँची जिल्लामा साविकका अर्घातोषको (१-६ र ९), मरेङको (१-६), खन, खनदह, बाँगी, हंसपुर र गोखुङ्गा गाउँ विकास समितिहरुलाई समेटेर मालारानी गाउँपालिका बनाइएको हो । केन्द्रीय तथ्याङ्क विभागले सार्वजनिक गरेको राष्ट्रिय जनगणना २०७८ को रिपोर्ट अनुसार मालारानी गाउँपालिकाको जनसंख्या २४,१५० रहेको छ भने यसको क्षेत्रफल १०१.०६ वर्ग किलोमिटर रहेको छ । यस गाउँपालिकाको केन्द्र मालारानी-३, खनदह, ढुङ्गाडेमा रहेको छ । यस गाउँपालिकालाई ९ वडामा विभाजन गरिएको छ । यस गाउँपालिकाको सिमाना पूर्वमा छत्रदेव गाउँपालिका, पश्चिममा भूमिकास्थान नगरपालिका र प्यूठान जिल्ला, उत्तरमा प्यूठान र गुल्मी जिल्ला तथा दक्षिणमा सन्धिखर्क र भूमिकास्थान नगरपालिकासम्म फैलिएको छ । यस गाउँपालिकालाई पर्यटकीय हिसाबले प्रचुर सम्भावना बोकेको स्थानीय तह मानिन्छ । यहाँ पर्यटकीय क्षेत्रहरु, भौगोलिक, सामाजिक,साँस्कृतिक, ऐतिहासिक र धार्मिक हिसाबले महत्त्व बोकेका स्थलहरु थुप्रै खालका रहेका छन् । घेराको लेक जिल्लाकै अग्लो चुचुरो हो जहाँबाट उत्तरमा मनोरम हिमाल र पूर्व,पश्चिम र दक्षिणमा फाँटलगायत ऐतिहासिक तथा धार्मिक स्थलहरु अवलोकन गर्न सकिन्छ । यहि लेकको चुचुरोमा मालारानी मन्दिर छ र यसैको नामबाट गाउँपालिकाको नामकरण गरिएको छ । मालारानी मन्दिर र यसको विशिष्टताका सामाजिक तथा साँस्कृतिक किम्बदन्तीहरु पाइन्छन् ।

**मालारानी गाउँपालिकाका जन-निर्वाचित पदाधिकारीहरुको संख्यात्मक विवरण**

| क्र.सं. | पद | संख्या | गाउँपालिका/वडा |
|---|---|---|---|
| १ | अध्यक्ष | १ | गा.पा. |
| २ | उपाध्यक्ष | १ | गा.पा. |
| ३ | वडा अध्यक्ष | ९ | वडा |

| | | | |
|---|---|---|---|
| ४ | कार्यपालिका सदस्य | ६ | गा.पा. |
| ५ | वडा सदस्य | ३० | वडा |
| | **जम्मा** | ४७ | |

## मालारानी गाउँपालिकामा कार्यरत कर्मचारीहरुको संख्यात्मक विवरण

| **क्र.सं.** | **पद** | **संख्या** |
|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | १ |
| २ | शाखा प्रमुख (सातौ) | २ |
| ३ | अधिकृत छैठौ | ६ |
| ४ | पाँचौ तह | ९ |
| ५ | चौथो तह | ९ |
| ६ | चालक | ४ |
| ७ | कार्यालय सहयोगीहरु | ७ |
| ८ | पालेपहरा | २ |
| | **जम्मा** | ४० |

## मालारानी गाउँपालिका अन्तर्गत विभिन्न वडा र स्वास्थ्य संस्थाहरुमा कार्यरत कर्मचारीहरुको संख्यात्मक विवरण

| | | |
|---|---|---|
| | | |

| क्र.सं. | पद | संख्या |
|---|---|---|
| १ | अधिकृत छैठौ | ६ जना |
| २ | सहायक पाँचौ | १९ |
| ३ | सहायक चौथो | २७ |
| ४ | चालक | १ |
| ५ | कार्यालय सहयोगी | २४ |
| | **जम्मा** | ७७ |

**जनप्रतिनिधि र कर्मचारीहरुको कुल संख्या**

| | |
|---|---|
| जनप्रतिनिधि, कर्मचारी कुल जम्मा | १६४ जना |

## १.३ क्षमता विकास योजनाको आवश्यकता र औचित्य

गरिबी न्यूनिकरणमा योगदान पुर्याउन समावेशी, जवाफदेही र उत्तरदायी शासनको प्रवर्द्धन गर्नु पर्दछ । यसबाट गाउबासीलाई सेवा र सुविधा उपरको पहुँच पनि सुनिश्चित हुन्छ । यसका लगि स्थानीय तहमा सेवा तथा सुविधा प्रवाह तथा विकास कार्यमा प्रत्यक्ष रुपमा संलग्न स्थानीय तहहरुको क्षमता विकासमा जोड दिन आवश्यक छ । यसर्थ हाल कार्यान्वयमा आइरहेका क्षमता विकास सम्बन्धी रणनीति र कार्यक्रमहरुको समिक्षा गरी परिष्कृत एवं परिमार्जित रणनीति, कार्यक्रम तथा प्रक्रिया र योजनाको तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्नु नै यो क्षमता विकास योजना तर्जुमा कार्यको आवश्यकता रहेको छ ।

विगतमा क्षमता विकासका प्रयासहरु भएपनि त्यसको कार्यान्वयनको लागि ठोस रणनीति भएको पाइदैन । सशक्त, स्पष्ट र कार्यमुखी क्षमता विकासको रणनीतिको अभावमा क्षमता विकासका कार्यक्रमहरु विगतमा केन्द्रबाट संचालित भएको हुँदा स्थानीय स्तरमा त्यसप्रति अपनत्वको अभाव देखियो । त्यसैगरी, स्थानीय तहहरुको संस्थागत क्षमता स्वमूल्याकन कार्यविधि, २०७७ र वित्तीय सुशासन जोखिम मुल्याकन कार्यविधि २०७८ ले कल्पना गरेको पूर्ण क्षमतालाई अग्रगामी र प्रभावकारी बनाउन सकिन्छ ।

क्षमता विकास योजना तर्जुमा, स्वीकृत र कार्यान्वयनको मुख्य औचित्य भनेको सेवा प्रवाहको गुणस्तरमा सुधार गर्नु नै हो । गाउँपालिकाले प्रवाह गर्नु पर्ने सेवाहरु मुख्यतः संविधानको अनुसूची ८ मा उल्लेखित एकल अधिकारका क्षेत्रहरुमा हालको सेवा प्रवाहको अवस्थालाई मनन गरी आगामी दिनमा कसरी समग्र सेवा प्रवाह उत्तरदायी, पारदर्शी र गुणस्तरीय बनाउने भन्ने ध्येयका साथ सरोकारवालाहरुको प्रत्यक्ष संलग्नतामा यो क्षमता विकास योजना तर्जुमा गरिएको हो ।

## १.४ क्षमता विकास योजना तर्जुमा विधि र प्रकृया

मालारानी गाउँपालिकाको क्षमता विकास योजना तर्जुमा गर्दा देहाय बमोजिमका विधि र प्रकृयाहरुको अवलम्वन गरिएको छः-

- क्षमता विकास योजना तर्जुमा सम्बन्धमा गाउँपालिकाका प्रमुख सरोकारवालाहरु, निर्वाचित जनप्रतिनिधिहरु, प्रमुख प्रशासकीय अधिकृत सहित शाखा प्रमुखहरु, गाउँपालिका अन्तर्गतका कर्मचारी र वडा सचिबहरुसँग छलफल तथा परामर्श गरिएको थियो ।
- गाउँपालिका सम्बद्ध सबै पक्षहरु (जनप्रतिनिधि, कर्मचारी र वडा कार्यालय) को प्रत्यक्ष सहभागितामा क्षमता विकाससँग सम्बन्धित रहेर विद्यमान क्षमताको अबस्था र अपेक्षित क्षमता विचको रिक्तताको सम्बन्धमा स्व-मूल्यांकन लेखाजोखा र स्व-महशुसिकरण गर्ने गराउने कार्य सम्पन्न गरिएको थियो ।

- गाउँपालिकाको मानव संसाधन संरचना (निर्वाचित जनप्रतिनिधिः अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष र वडा सदस्य, ऐन बमोजिमका समितिहरु र विभिन्न तह र विषयगत कर्मचारीहरुको कार्यविवरणमा आधारित भई क्षमता विकास सम्बन्धि क्रियाकलापको अन्तराल र आवश्यकता पहिचान गरिएको थियो । यसका लागि गाउँपालिकाले गरेको संस्थागत स्व-मूल्याकन (LISA) र वित्तीय सुशासन जोखिम स्व-मूल्यांकन लाई समेत प्रमुख आधार बनाइएको छ ।
- गाउँपालिकाको क्षमता विकास योजना अनुसार गाउँपालिका र विभिन्न स्रोत(संघीय सरकार, प्रदेश सरकार, प्रदेश सुशासन केन्द्र, विकास साझेदार) बाट प्राप्त हुने सम्भावित योगदानको लेखाजोखा गरी १ बर्षको कार्यक्रम सहित स्रोतको अनुमान गरिएको छ ।
- क्षमता विकास योजना तर्जुमाको सिलसिलामा गाउँपालिकाका पदाधिकारी र कर्मचारीहरुसँग छलफल, परामर्श, अन्तर्क्रिया गरि वार्षिक योजना तयार गरिएको हो ।

# परिच्छेदः २ पालिकाको क्षमता विकास नीति तथा कार्यनीति

## २.१ क्षमता विकासका लागी पालिकाले अंगिकार गरेका नीतिहरु

- गाउँपालिकाको नीति तथा कार्यक्रमलाई प्रभावकारी रुपमा सम्पादन गर्न, कर्मचारीलाई जवाफदेही बनाउन, कार्यसम्पादन मुल्याङ्कनलाई वस्तुनिष्ट बनाउन, अध्यक्षसँग प्रमुख प्रशासकीय अधिकृत र प्रमुख प्रशासकीय अधिकृतसँग शाखा प्रमुखहरुको कार्यसम्पादन करार सम्झौता गरिनुपर्ने साथै शाखा प्रमुखले आफु मातहतका कर्मचारीसँग कार्यसम्पादन करार सम्झौता गरी कार्ययोजना अनुसार नीति तथा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने व्यवस्था मिलाइने छ ।
- कर्मचारीहरुको क्षमता, कार्यदक्षता र सीप अभिवृद्धि गर्दै कार्यसम्पादन प्रति उत्प्रेरित गराउन क्षमता विकास योजना तर्जुमा गरी लागू गरिने छ ।
- गाउँपालिकाबाट सम्पादन गर्नुपर्ने सेवा प्रवाहको दायरा बढ्दै गइरहेको अवस्थामा सबै सेवाहरुलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक पर्ने जनशक्ति व्यवस्थापनको लागि तयार गरिएको संगठन तथा व्यवस्थापन परीक्षण प्रतिवेदन (O&M Survey) लाई थप परिमार्जन गरी सम्बन्धित निकायमा स्वीकृत गराउन पहल गरिने छ । कार्यालयमा दरबन्दी अनुसार पदपुर्तिको व्यवस्था मिलाउनको लागि सबै निकायमा पहल गरिने छ ।

- गाउँपालिका तथा वडा कार्यालयहरुमा नागरिक सहायता कक्ष संचालनमा ल्याई नागरिकलाई सहज रुपमा सेवा उपलब्ध गराउने व्यवस्था मिलाइने छ ।

- LISA, FRA, LED, GESI Audit, वित्त आयोगको मूल्याङ्कन तथा अन्य मूल्याङ्कन सूचकबाट सिकाई प्राप्त गरी समग्र कार्यम्पादन सुधारको लागि कार्ययोजना अनुरुप कार्यसम्पादन गरिने छ ।
- गाउँपालिकाले खरिद गर्ने सफ्टवेयर र सूचना प्रविधि प्रणालीको सुरक्षाको लागि सूचना प्रविधि विभागको सहयोगमा सूचना प्रविधि सुरक्षा अडिटको व्यवस्था मिलाइने छ ।
- वार्षिक आयोजना/कार्यक्रमलाई तोकिएको समयमै कार्यान्वयन गर्न श्रावण मसान्त भित्र खरिद योजना तथा वार्षिक कार्ययोजना तयार गरिने छ ।
- गाउँपालिकाबाट संचालन भएका विभिन्न योजनाहरुको नियमित अनुगमन गर्ने व्यवस्था मिलाउँदै योजनाहरुको अनुगमन प्रतिवेदन कार्यपालिकामा छलफल गर्ने व्यवस्था मिलाइने छ । अनुगमन मूल्याङ्कनमा वडा समितिलाई थप प्रभावकारी तवरले परिचालन गर्न समितिका पदाधिकारीको क्षमता विकास गरिने छ ।
- गाउँपलिकामा गठन भएका र गठन हुने टोल विकास संस्थाको संस्थागत क्षमता विकासको लागि आवश्यक व्यवस्था मिलाइने छ ।
- कर्मचारीको कार्यसम्पादन मापनका स्पष्ट र वस्तुनिष्ठ सूचक तयार गरी कार्यसम्पादनमा आधारित सुविधा, पुरस्कार र प्रोत्साहन उपलब्ध गराउने नीति अवलम्बन गरिने छ ।
- सेवाहरुको सूचकको आधारमा उत्कृष्ट वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालय छनौट गरी पुरस्कृत गर्ने व्यवस्था मिलाइने छ ।
- गाउँपालिका भित्रका सबै कार्यालयहरुको चौमासिक प्रगति समीक्षा र वार्षिक समीक्षा कार्यक्रम तोकिएको समय भित्रै सञ्चालन गरिने छ ।
- जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता विकासको लागि आवश्यक तालिम तथा अध्ययन अवलोकन भ्रमणका कार्यक्रमहरु तय गरिने छ ।
- न्यायिक समितिको क्षमता अभिवृद्धी गरी सामाजिक विवादहरुलाई मेलमिलापको माध्यमबाट समाधान गरिने छ ।
- गाउँपालिका क्षेत्र भित्रका प्रतिष्ठित तथा विद्धत वर्गको सहयोग लिने र कार्य अनुभव आदान प्रदान गरी प्राप्त पृष्ठपोषणलाई गाउँपालिको समृद्धि र वृहत्तर विकासमा समाहित गर्दै लगिने छ ।
- विभिन्न सामाजिक संघ संस्था, कृषक, विद्यार्थी, पत्रकार, खेलाडी, उपभोक्ता समिति र टोल विकास संस्थालाई कार्यसम्पादनको मुल्याङ्कन गरी प्रोत्साहन स्वरुप पुरस्कार दिने व्यवस्था मिलाइने छ ।

- गाउँपालिका क्षेत्रभित्र कार्यक्रम संचालन गर्ने सरकारी/गैरसरकारी सामुदायिक संस्था, दातृ निकाय एवं सरोकारवाला संस्थाहरुले गाउँपालिकाको समन्वयमा कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाइने छ ।
- स्थानीय शासन सञ्चालन तथा सार्वजनिक सेवा प्रवाहमा उत्कृष्ट स्थानीय तहसँग सिकाई आदान प्रदान गर्नको लागि भगिनी सम्बन्ध कायम गरिनेछ ।

## २.२ मागमा आधारित क्षमता लेखाजोखाः

मानव संसाधन विकास, संस्थागत क्षमता विकास, सेवा प्रवाह मापदण्ड निर्धारण जस्ता विषयहरु माथि शाखागत रुपमा छलफल हुँदा अधिकांश शाखाहरुबाट क्षमता विकास क्षेत्रमा ज्ञान, सिप र धारणा परिवर्तनको लागि अभिमुखिकरण तथा तालिमहरुको र कतिपय अवस्थामा स्थलगत प्रशिक्षणको विषयलाई छलफलको क्रममा अपेक्षा गरिएको थियो । नेतृत्व तहको क्षमता लेखाजोखा गरिदा क्षमता विकासका हरेक क्षेत्रमा प्रशिक्षण, अनुशिक्षण, स्रोत साधनको व्यवस्थापन, दक्ष कर्मचारीको व्यवस्था हुनुपर्ने विषयहरू उठान भएको थियो । छलफलको क्रममा सबै शाखाका कर्मचारीहरूले स्वमूल्यांकन गरी आफ्नो तोकिएको जिम्मेवारी पुरा गर्न ज्ञान, सीप र क्षमतामा अधिकांशले मध्यम रहेको र थप क्षमता विकासको अपेक्षा राखेको अवस्था छ । साथै गाउँपालिकाको विद्यमान मानव संसाधानको क्षमता लेखाजोखा गर्दा कार्यपालिका पदाधिकारीहरू, वडाका सदस्यहरु वडा कार्यालयका कर्मचारीबाट माग गरिएको क्षमता विकासका क्रियाकलापहरु तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| क्षमता विकासका क्षेत्र | प्रशिक्षण/ अभिमुखीकरण / अन्तरक्रिया / अन्य | कार्यक्रम किन आवश्यक परेको हो | लक्षित वर्ग | अपेक्षित उपलब्धी | समय अवधि | कार्यक्रम संचालन गर्न उपयुक्त महिना |
|---|---|---|---|---|---|---|
| सेवा प्रवाह सम्बन्धी | क्षमता विकास तालिम | सेवा प्रवाहलाई जवाफदेही र प्रभावकारी बनाउन | विषयगत शाखा प्रमुख, वडा सचिव, स्वास्थ संस्था प्रमुख, विद्यालयका शिक्षकहरु | सेवा प्रवाह छिटो छरितो र प्रभावकारी हुनेछ । | २ दिन | श्रावण दोस्रो हप्ता |
| योजना/आयोजना/कार्यक्रम कार्यान्वयन सम्बन्धी | अभिमुखीकरण/अन्तरक्रिया कार्यक्रम | योजना कार्यान्वयन तोकिएको समय भित्र गर्न | विषयगत शाखा प्रमुख/वडा सचिव/स्वास्थ्य संस्थाका प्रमुख/प्राविधिक कर्मचारीहरु | योजना कार्यान्वयन तोकिएको भित्र सम्पन्न हुनेछ । | २ दिन | भाद्र पहिलो हप्ता |
| सार्वजनिक खरिद सम्बन्धी | क्षमता विकास तालिम | खरिद सम्बन्धी कार्यलाई व्यवस्थित गर्न | विषयगत शाखा प्रमुख/वडा सचिव/खरिद समिति/मूल्याङ्कन समिति | सार्वजनिक खरिदको कार्य तोकिएको कानून बमोजिम पूरा भएको हुनेछ | २ दिन | भाद्र दोस्रो हप्ता |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| योजना/आयोजना/कार्यक्रम कार्यान्वयन सम्बन्धी | अभिमुखीकरण तालिम | योजना कार्यान्वयनलाई प्रभावकारी बनाउन | उपभोक्ता समितिका पदाधिकारीहरु | अपेक्षित रुपमा पूँजिगत बजेट खर्च भएको हुनेछ । | २ दिन | भाद्र तेस्रो हप्ता |
| दैनिक कार्य संचालन तथा व्यवस्थापन, सेवा प्रवाह, सार्वजनिक खरिद प्रक्रिया र जिन्सी व्यवस्थापन सम्बन्धी | क्षमता विकास तालिम तथा अन्तरक्रिया | सार्वजनिक सेवा प्रवाह, सार्वजनिक खरिद प्रणाली र जिन्सी व्यवस्थापनलाई प्रभावकारी बनाउन | जनप्रतिनिधिहरु र कर्मचारीहरु | सार्वजनिक सेवा प्रवाह, सार्वजनिक खरिद प्रणाली र जिन्सी व्यवस्थापन लाई प्रभावकारी हुनेछ । | २ दिन | असोज दोस्रो हप्ता |
| कानुन तर्जुमा, योजना तर्जुमा, बजेट निर्माण, लगायत | क्षमता विकास तालिम | कानुन तर्जुमा, योजना तर्जुमा, बजेट निर्माण, लगायतका कार्यहरुलाई प्रभावकारी बनाउन | जनप्रतिनिधिहरु र कर्मचारीहरु | कानुन तर्जुमा, योजना तर्जुमा, बजेट निर्माण, लगायतका कार्यहरु प्रभावकारी हुनेछ | २ दिन | माघ दोस्रो हप्ता |
| बालअधिकार/बालविवाह न्यूनिकण/ UNO महासन्धीमा उल्लेख भएका प्रतविद्धता कार्यान्वयन सम्बन्धी विषय | क्षमता विकास तालिम | बालअधिकार/बालविवाह न्यूनिकण/ UNO महासन्धीमा उल्लेख भएका प्रतविद्धता कार्यान्वयन सम्बन्धी | जनप्रतिनिधि/कर्मचारीहरु /बालबालिकाहरु | बालअधिकार/बालविवाह न्यूनिकण/ UNO महासन्धीमा उल्लेख भएका प्रतविद्धता कार्यान्वयन सम्बन्धी | १ दिन | माघ तेस्रो हप्ता |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | विषयहरुमा जानकार गराउन | | विषयहरुमा जानकार हुनेछन | | |
| लैंङ्गिक हिंसा न्युनिकरण र महिला अधिकर सम्बन्धी विषय | सचेतनामुलक अभिमुखिकरण कार्यक्रम | महिला अधिकारका विषयमा सचेतिकरण गराउन | महिला / जनप्रतिनिधीहरु | महिला अधिकारका विषयमा सचेत भई जागरुक हुनेछन | १ दिन | पुष महिना अन्तिम हप्ता |
| नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन सम्बन्धी / नेतृत्व विकास / छुवाछुत तथा जातीय विभेद न्युनीकरण | क्षमता विकास कार्यक्रम | मौजुदा कानूनका विषयमा जानकार गराउने । नेतृत्व शैलीको विकास गराउने | दलित जनप्रतिनिधिहरु | मौजुदा कानूनका विषयमा जानकार भई नेतृत्व गर्न सक्षम हुनेछन | २ दिन | फागुन महिना तेस्रो हप्ता |

## क्षमता विकास योजना कार्यान्वयन

लुम्विनी प्रदेश अन्तर्गत रहेको प्रदेश सुशासन केन्द्रको सहयोगमा तर्जुमा गरिएको यस त्रिवर्षिय क्षमता विकास योजनालाई यस मालारानी गाउँपालिकाले एक महत्वपूर्ण उपलब्धीको रुपमा लिएको छ । योजना तर्जुमा हुनुमात्र उपलब्धी नभई यसको प्रभावकारी कार्यान्वयन अर्को महत्वपूर्ण पाटो भएकोले यस क्षमता विकास योजना कार्यान्वयनका लागि समग्र गाउँपालिका संवेदनशील हुनेछ । यसका लागि क्षमता विकास समन्वय समितिले आफ्नो तोकिएको जिम्मेवारी पूरा गर्नका लागि गाउँ कार्यपालिकाले निर्दिशित गर्नेछ। स्थानीय तहको क्षमता विकास योजना तर्जुमा सम्बन्धी दिग्दर्शन अनुसार क्षमता विकास समन्वयन समितिको भूमिका निम्नानुसार रहनेछ :

- संस्थागत तथा मानव संशाधन क्षमता विकास योजना तर्जुमा गरी नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।
- क्षमता विकास सम्बन्धी नीति तथा रणनीतिहरु तर्जुमा गरी कार्यपालिका मार्फत् सभाबाट पारित गराउने र कार्यान्वयनका लागि बजेटको सुनिश्चितता गर्ने ।
- क्षमता विकास योजनालाई वार्षिक रुपमा अध्यावधिक गर्ने गराउने ।
- क्षमता विकासका कार्यक्रमहरु संचालन गर्ने गराउने ।
- स्थानीय सरकारको क्षत्रभित्र सञ्चालन हुने क्षमता विकासका कार्यक्रमहरु बीच समन्वय गर्ने/गराउने
- समितिले सूचकमा आधारित भई क्षमता विकास कार्यक्रमको अनुगमन गर्ने
- कार्यक्रमको गुणस्तर सुनिश्चित गर्न नियमित रुपमा कार्यक्रमको अनुगमन र समीक्षा गर्ने
- क्षमता विकास सम्बन्धमा अन्य सहयोगी निकायहरुबीच समन्वय गर्ने
- क्षमता विकास सम्बन्धी अध्ययन, अन्वेषण गर्ने गराउने
- क्षमता वकास समबन्धी अन्य आवाश्यक कार्यहरु गर्ने

## योजना कार्यान्वयनको अनुगमन र मूल्याङ्कनः

क्षमता विकास योजनाको कार्यान्वयनसंगै यसको प्रभावकारिता मापन र सुधारका लागि एक कार्ययोजना सहित आवधिक रुपमा अनुगमन र मूल्यांकन गरिनेछ । यसका लागि कार्यपालिका र शाखा प्रमुखहरुबीचको छलफलबाट तहगत अनुगमनको खाका तयार गरिनेछ । क्षमता विकास योजनालाई प्रभावकारी कार्यान्वयन र उपलब्धी मापनका लागि आवश्यक भएमा प्रमुख प्रशासकीय अधिकृत

संयोजक रहने गरी योजना शाखा प्रमुख, कर्मचारी प्रशासन शाखाका प्रमुख, विभिन्न विषयगत शाखाका प्रमुख र लेखा शाखा प्रमुख रहेको स्थायी प्रकृतिको संरचना तयार गरिनेछ । क्षमता विकास योजना कार्यान्वयन र उपलब्धी मापनका लागि गरिने अनुगमन र मुल्याङ्कन उद्देश्य देहाय बमोजिम हुनेछ :

- क्षमता विकिस योजनाको कार्यान्वयनका सवल र कमजोर पक्षको आवधिक लेखाजोखा गरी कार्यान्वयन पक्षलाई प्रभावकारी बनाउने
- गाउँपालिकाको समग्र सेवाप्रवाहलाई सवल बाउन आवश्यक सहयोग पुर्याउने ।
- गाउँसभाद्धारा पास गरिएको वार्षिक विकास योजना कार्यान्वयन गर्न आवश्यक पृष्ठपोषण गर्ने

यसका साथै क्षमता विकास योजनाको कार्यान्वयनका लागि गाउँपालिका स्तरीय अनुगमन र मुल्याङ्कन संयन्त्र र भूमिकालाई तलको तालिकामा राखिएको छः

| इकाई | भूमिका |
|---|---|
| गाउँ कार्यपालिका | • क्षमता विकास योजना कार्यान्वयन गर्ने<br>• वार्षिक विकास कार्यक्रमको चौमासिक प्रगति प्रतिवेदन तयार गर्दा क्षमता विकास योजना समेतको अनुगमन र मूल्यांकन गर्ने |
| प्रशासन शाखा | • क्षमता विकास योजनामा उल्लेख क्रियाकलाप संचालन गर्नका लागि कर्मचारी तोक्ने<br>• गाउँपालिकामा संचालन हुने क्षमता विकास सम्बन्धी क्रियाकलापहरुको विवरण राख्ने र विभिन्न क्षमता विकास कार्यक्रममा सहभागी हुने जनप्रतिनिधि र कर्मचारीको अभिलेख राख्ने/राख्न लगाउने |
| योजना शाखा | • चौमासिक रुपमा क्षमता विकास योजनाका क्रियाकलापहरुको कार्यान्वयन स्थिति (शुरु भएको, प्रकृयामा रहेको, सम्पन्न भएको वा शुरु नै नभएको) उल्लेख गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने र कार्यपालिका बैठकमा प्रस्तुत गर्ने<br>• कार्यपालिकाले उक्त प्रतिवेदन उपर आवश्यक निर्णय गरी कार्यान्वयनमा लैजाने |